पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :४ पोखरा खण्ड :६९ प्रमाणित मिति: २०७७ माघ २४ गते

## भाग १

## बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ (पहिलो संशोधन)

# बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४

**प्रस्तावना** : बालबालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन, २०७४ लाइ संसोधन गर्न वान्छनीय भएकोले, पोखरा महानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बालबालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन (पहिलो संसोधन), २०७४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको प्रस्तावनाको सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँस कायम गरिएको** :

पोखरा महानगरपालिकामा बालअधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री महानगरपालिका निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिमको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

२.मूल ऐनको नाम र संक्षिप्त नाम र प्रारम्भ बाट "लेखनाथ" भन्ने शब्द हटाइएको ।

२. **मूल ऐनको दफा २ को खण्ड (घ) पछी देहाय बमोजिमको खण्डहरु थप गरिएकोछ** :

(ङ) "**संघीय कानून**" भन्नाले संघीय सरकारले जारी गरेका बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(च) "**प्रदेश कानून**" भन्नाले गण्डकी प्रदेशको बालबालिकाको अधिकार संरक्षण व्यवस्थित गर्न बनेको ऐन सम्झनु पर्दछ ।

(छ) "**तोकिएको**" वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिउको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ज) "**परिवार**" भन्नाले बालबालिकाका आमा, बाबु, धर्मपिता, एका सगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरआमा वा हजुरबुवा सम्झनु

पर्दछ ।

(झ) “**प्रारम्भिक बालकिास उमेरका बालबालिका**” भन्नाले पाँच वर्ष उमेर पुरा नभएका बालबालिका सम्झनु पर्दछ ।

(ञ) “**बालकल्याण अधिकारी**” भन्नाले संघीय सँसदले जारी गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम महा( नगरपालिकामा रहने बालकल्याण अधिकारीलाइ सम्झनु पर्दछ ।

(ट) “**बालबालिका**” भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्दछ ।

(ठ) “**संरक्षक**” भन्नाले बालबालिकाको हकहितको संरक्षण गर्न प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ड) “**महानगर**” भन्नाले पोखरा महानगरपालिका सम्झानु पर्दछ।

(ढ) “**नगर कार्यपालिका**” भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ण) “**वडा**” भन्नाले पोखरा महानगरपालिकाको वडा समिति तथा कार्यालय सम्झनु पर्दछ ।

२. **मूल ऐनको दफा २ को सबै खण्ड तथा वाक्याँस पछाडी देहाय अनुसार परिच्छेद २ थप गरिएको :**

## परिच्छेद २
## बालबालिकाको अधिकार

३. **बाँच्न पाउने अधिकारको संरक्षण सम्बन्धी व्यवस्था :** (१) प्रत्येक बालबालिकालाई सम्मानपुर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकाको सम्मानपूर्वक बाँच्न पाउने हक, बौद्धिक र शारीरिक विकासको हक प्राप्तीमा सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) महानगरपालिकाले भौतिक निर्माणका कार्य गर्दा बालबालिका माथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण, प्रतिरोधात्मक र सुरक्षाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछ ।

(४) बालबालिका माथि हुन सक्ने जोखिम त्यूनीकरणका लागि महा( नगरपालिका, नागरिक समाज र निजी क्षेत्रले आवश्यक कार्य गर्न सक्नेछ ।

४. **उचित स्याहार, हेरचाह र पालनपोषणको अधिकार संरक्षण सम्बन्धी व्यवस्था** : (१) प्रत्येक बालबालिकालाई आमा, बाबु वा संरक्षकसँग बस्ने, बालमैत्री वातावरणमा हुर्कने, आमा, बाबुबाट उचित स्याहार, हेरचाह, पालनपोषण, सँरक्षण तथा माया ममता प्राप्त गर्ने र उचित मार्गदर्शन पाउने अधिकार हुनेछ ।

(२) आफ्ना छोराछोरी वा अफ्नो संरक्षणमा रहेका बालबालिकाको स्याहार, हेरचाह र पालनपोषण गर्नु, शिक्षा, स्वास्थोपचार लगायत खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु आमा बाबु वा संरक्षकको दायित्व हुनेछ ।

(३) भौगोलिक विकटता, गम्भीर प्रकृतिको अपाङ्गता भएका, निको नहुने प्रकृतिको कडा रोग लागी दैनिक कार्य गर्न असमर्थ, आर्थिक रुपमा विपन्न, समाजिक रुपमा पछाडि परेका कारण आफ्ना छोराछोरीको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभूत अधिकार पूरा गर्न असमर्थ परिवारलाई बालबालिका प्रतिको दायित्व परिपालनमा सहयोग गर्न प्रदेश सरकारले स्वयम् वा स्थानीय तहस( ँगको साझेदारीमा स्थानीय तहसँग साझेदारी गरी लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५. **पोषण एवं स्वास्थ्यको अधिकार** : (१) प्रत्येक बालबालिकालाई पोषण सम्बन्धी हक हुनेछ ।

(२) गम्भीर रुपमा कुपोषणको समस्या भएको भनी पहिचान भएका प्रत्येक बालबालिकालाई उचित पोषण र उपचारको व्यवस्था गर्नु महा(

नगरपालिकाको कर्तव्य हुनेछ ।

(३) महानगरपालिकाले गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकाको उचित पोषण, रोग प्रतिरोधात्मक खोप, शारीरिक र मानसिक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नुपर्नेछ ।

(४) पोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **प्रारम्भिक बालविकासको अधिकार** : (१) महानगरपालिकाले प्रारम्भिक बालविकास उमेरका प्रत्येक बालबालिकालाई आफ्नो उमेर र विकासको स्तरअनुसार उपयुक्त ढङ्गले शाररिक, समाजिक, बौद्धिक, संवेगात्मक तथा भाषिक विकासका लागि खेल तथा नृत्य, संगीत क्रियाकलापबाट सिक्न पाउने, उत्प्रेरणा पाउने, लगायत प्रारम्भिक बालविकासको अवसर उपलब्ध गराउनु पर्नेछ ।

(२) महानगरपालिकाले प्रारम्भिक बालविकास उमेका बालबालिकाको लागि केन्द्रमा आधारित कार्यक्रममा आवश्यक खेल तथा क्रियाकलाप वा शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र मार्फत उपलब्ध गराइने सेवा तथा कार्यक्रम सम्झनु पर्दछ ।

७. **संक्षणको अधिकार** : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आभारभूत अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले आवह्यक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले प्रचलित कानून बमोजम तोकिएका र महानगरपालिकाले राजपत्रमा प्रकाशित गरी तोकिएका बालबालिका सम्झनु पर्दछ ।

(२) परिवार विहीन बालबालिका, परिवार विग्रहको जोखिममा रहेका पविारका बालबालिका, जोखिमपूर्ण श्रममा संलग्न बालबालिका, अपाङ्गता भएका बालबालिका, शारीरिक, मानसिक हिंसा, दुर्व्यवहार वा शोषणमा परेका बालबालिका, गैरकानूनी ओसारपसारबाट पीडित बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवाको प्रबन्ध, स्वास्थ्य उपचार, मनोसामा( जक सहयोग, कानूनी सहयोग, पारिवारिक पुनर्मिलन, पारिवारिक सहयोग तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न महानगरपालिकाले तोकिए बमोजिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) महानगरपालिकाले बालबालिकाको सँरक्षणको लागि तोकिए बमोजिम विशेष संयन्त्र निर्माण गर्न सक्नेछ ।

(४) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु गराउनु महानगरपालिका र अन्तरगतका निकाय तथा अधिकारीको दायित्व हुनेछ ।

८. **सूचना तथा विचार र अभिव्यक्तिको अधिकार संरक्षण सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम महानगर क्षेत्र भित्रका सार्वजनिक निकाय वा निजी संस्थामा रहेका आफ्नो तथा बालबालिकासँग सम्बन्धित सार्वजनिक हक, हित र सरोकारका विष( यमा सूचना माग्ने र पाउने हक हुनेछ ।

(२) बालबालिकाले उपदफा (१) बमोजिम सूचना वा जानकारी माग गरेमा उनीहरुको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था समेतको ख्याल गरी सरल भाषामा सूचना वा जानकारी उपलब्ध गराउनु सबै सार्वजनिक निकाय वा नीजि संस्थाको कर्तव्य हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई उमेर, परिपक्वता तथा बौद्धिक अवस्था अनुरुप हुने गरी महानगरपालिका र यस अन्तरर्गतका निकायमा आप( ूलाई असर गर्ने विषयमा विचार अभिव्यक्त गर्ने अधिकार हुनेछ ।

(४) उपदफा (३) बमोजिम बालबालिकाले अभिव्यक्त गरेको विचारको उचित सुनुवाई गर्नुपर्नेछ ।

३. संशोधित ऐनको परिच्छेद २ र यसका सबै दफा,उपदफा र वाक्याँस पछी देहाय अनुसार परिच्छेद ३ थप गरिएको :

## परिच्छेद ३
## बैकल्पिक हेरचाह

९. **बैकल्पिक हेरचाहको व्यवस्था** : (१) प्रचलित कानून बमोजिम बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान भएमा वा फेला परेमा सम्बन्धित बालकल्याण अधिकारीलाई सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना भई आएका बालबालिकालाई बाल( कल्याण अधिकारीले निजको परिवार पहिचान गरी परिवारमा पुनर्मिलन गराउनु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि परिवारको पहिचान हुन नसकेका बालबालिकाको हकमा महानगरपालिकाले बैकल्पिक हेरचाहको वय( वस्था गर्नुपर्नेछ ।

(४) बैकल्पिक हेरचाह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **बालगृहको स्थापना, सञ्चालन अनुमति तथा सूचिकरण सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानून बमोजिम दर्ता भएका बालगृहको सञ्चालन अनुमति सम्बन्धी व्यवस्था महानगरपालिकाको निर्माण गरेको कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन अनुमति पाएका बालगृह महानगरपालिका समक्ष अनिवार्य रुपमा सूचिकृत हुनु पर्नेछ ।

(३) यो ऐन लागू हुनु भन्दा पहिले नै प्रचलित कानून बमोजम दर्ता भई सञ्चालनमा रहेका बालगृह समेत यस ऐन बमोजिम मन्त्रालय समक्ष सूचिकृत हुनुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम सूचिकृत भएका बालगृहलाई मात्र महानगरपालिकाले तोकिए बमोजिम अनुदान तथा अन्य व्यवस्थापकीय सहयोग गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको बालगृहमा बालकल्याण अधिकारीले निर्णय गरी सिफारिस गरेका बालबालिकालाई मात्र राख्न पाईनेछ ।

(६) बालगृहको सूचिकरण, बालगृहमा बालबालिकालाई राख्ने प्रकृया, बालबलिाकको पुन:स्थापना, समाजिक पुनर्मिलन र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३. संर्शोधित ऐनको परिच्छेद ३ र यसका सबै दफा,उपदफा र वाक्याँस पछी देहाय अनुसार परिच्छेद ४ थप गरिएको :

## परिच्छेद ४

## बालअधिकार सम्बन्धी संस्थागत व्यवस्था

११. **बालक्लव वा संस्था गठन गर्न सक्ने** : (१) बालबालिकालाई बाल(अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालक्लव खोल्न र बाल क्लबमा आवद्ध हुन पाउने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाल क्लब दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था महानगरपालिकाको प्रचलित ऐन बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्थापना भएका बाल क्लबको महानगर स्तरीय सञ्जाल रहनेछ ।

(४) उपदफा ३) बमोजिमको बाल क्लवको महानगर स्तरीय सञ्जालको गठन प्रकृया तोकिए बमोजिम हुनेछ ।

१२. **महानगर स्तरीय बाल अधिकार समिति** : (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्द्धन गर्न देहाय बमोजिमको एक महा(नगर स्तरीय बाल अधिकार समिति रहनेछ :

क) उपप्रमुख–अध्यक्ष

ख) जिल्ला बाल संरक्षण समितिको प्रतिनिधि १ जना –सदस्य

ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरककारी संस्था वा बालबालिकाको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित ३ जना –सदस्य

घ) बालकालिका सम्बन्धी संस्था वा क्लवको महानगर स्तरिय सञ्जाल प्रतिनिधि १ जना –सदस्य

ङ) महानगर क्षेत्रभित्र स्थापित बाल सुधार गृहको प्रतिनिधि १ जना –सदस्य

च) महानगर क्षेत्र भित्रका संघीय वा प्रदेश स्तरीय सुरक्षा निकायका प्रनिनिधि १ जना –सदस्य

च) बाल कल्याण अधिकारी –सदस्य सचिव

(२) बाल कल्याण अधिकारी सम्बन्धी व्यवस्था महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) यस दफा अन्तरगत मनोनित सदस्यहरुको कार्यकाल ४ वर्षको हुनेछ र निजहरुको पुनःनियुक्ती हुन सक्नेछ ।

(४) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(५) समितिलाई आवश्यक पर्ने कर्मचारी महानगरपालिकाले उपलब्ध गराउनेछ ।

१३. **समितिको काम, कर्तव्य र अधिकारः बालबालिकाको हक अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपुर्ति गर्ने उद्देशयले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) महानगर क्षेत्रमा बालबालिकाको हक अधिकार सुनिश्चित गर्न का( नून, नीति योजना तथा कार्यक्रम बनाउन र विशेष अभियान सञ्चालन गर्न नगर कार्यपालिकालाई सुझाव एवं परामर्श दिने,

(ख) बालबालिकाका विषयमा महानगरपालिकाबाट सञ्चालित

कार्यक्रमको अनुगमन, मूल्याँकन तथा समिक्षा गरी आवश्यकता अनुसार सुझाव दिने,

(ग) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि, महासन्धिहरुको कार्यान्वयनका निमित्त नेपाल सरकारसँग समन्वय गर्ने,

(घ) महानगरभित्र बैकल्पिक हेरचाहमा रहेका बालबाीलकाको समग्र सि( थति, अस्थायी संरक्षण सेवा लगायत अनय उपलब्ध सेवाहको गुणस्तर तथा प्रभावकारिता बारे आवधिक निरीक्षण गी तत् सम्बन्धमा प्रदेश सकार समक्ष सुझाव सहितको प्रतिवेदन दिने,

ङ) महानगरमा बालबालिका सम्बन्धी विविध विषयका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने गराउने,

च) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्वन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

च) तोकिए बमोजिम अन्य कार्य

१३. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको बैठक सम्बन्धी थप व्यवस्था तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१४. **बाल कोष** : (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि महानगरले एक बालकोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजमका रकम रहनेछः

क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

घ) जरिवाना लगायत अन्य कुने स्रोतबाट प्राप्त रकम,

३) उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल

सरकारको सहमति लिनु पर्नेछ ।

(४) बालकोषको व्यवस्थापन, सञ्चालन र उपयोग सम्बन्धी अन्य व्य(वस्था तोकिए बमोजिम हुनेछ ।

३. संशोधित ऐनको परिच्छेद ४ र यसका सबै दफा,उपदफा र वाक्याँस पछी देहाय अनुसार परिच्छेद ५ थप गरिएको :

परिच्छेद ५

विविध

१६. **अनुगमन तथा प्रतिवेदन** : (१) महानगरपालिकामा सूचिकृत भएका बालगृहको महानगरपालिकाले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

(२) महानगर समक्ष सूचिकृत भउका बालगृहले हरेक वर्ष महा(नगरपालिका समक्ष बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) अनुगमन तथा प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **ऐन बमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **नियम निर्देशिका, कार्यविधि मापदण्ड बनाउन सक्ने** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवशयक नियम बनाउने सक्नेछ ।

(२) यस ऐन र नियमावलीको अधिनमा रही नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

१९. **बाधा अडाकाउ फुकाउने** : यस ऐनको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ हटाउन प्रदेश सरकारले यस ऐन र प्रचलित ऐनको विपरित नहुने गरी महानगरपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

३. मूल ऐनको परिच्छेद २ र यसका सबै दफा,उपदफा, खण्ड र वा( क्याँस खारेज गरिएको ।

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**